नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं, नेपाल

प.सं. : १-१-१-०७४/०७५

च.नं. : ८१८

मिति :- २०७४।०७।१८

बिषय : सार्वजनिक खरिद सम्वन्धि तालीम सम्वन्धमा ।

श्री मन्त्रालय/विभाग/केन्द्रीय निकायहरू

सबै।

प्रस्तुत सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (१)(झ) मा बोलपत्रदाता वा खरिद कार्यमा संलग्न भएको वा हुने कर्मचारीको लागि नियमित प्रशिक्षण कार्यक्रमको ब्यवस्था गर्ने काम सार्वजनिक खरिद अनुगमन कार्यालयको रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लाई आधार बनाएर यस कार्यालयले समय समयमा प्रशिक्षण, गोष्ठी, अन्तर्क्रिया र अभिमुखीकरण जस्ता कार्यक्रम संचालन गर्दै आएको छ । बिधुतीय खरिद प्रणाली संचालन सम्बन्धि तालिम समेत नियमित रूपमा यस कार्यालयबाट भै रहेको ब्यहोरा समेत जानकारी गराउन चाहान्छु । केही समय यता विभिन्न मन्त्रालय,आयोग तथा सचिवालयहरूले पनि विभिन्न निकायहरू मार्फत खरिद सम्बन्धी तालिम संचालन गर्ने गरेको जानकारी हुन आएको छ । विभिन्न निकायहरूबाट भिन्न भिन्न रूपमा तालिम/प्रशिक्षण कार्यक्रमहरू संचालन गर्दा देहायका समस्याहरू देखिएका छन :-

(क) पाठ्यक्रममा एकरूपता नभएको ।

(ख) दक्ष तथा बिज्ञहरूबाट तालिम संचालन हुने नगरेको ।

(ग) प्रशिक्षण सिकाईको आधारभूत मापदण्डहरू पालना नभएको, जस्तै :-सहभागीहरूको संख्या,प्रशिक्षण सामाग्री, स्थान,प्रशिक्षणको समयावधि आदि ।

माथि उल्लेखित कारणहरूले सार्वजनिक खरिदको विषयलाई लिएर हुने तालिमहरूबाट सार्वजनिक निकाय र सो मा कार्यरत कर्मचारीहरूमा द्बिविधा र अलमलको अवस्था सिर्जना भएको छ । यस्ता तालिमबाट गुणस्तरीयतामा एकरुपता ल्याउनु पर्ने, पाठ्यक्रम, प्रशिक्षण सामाग्री तथा सहभागीको संख्या समेतमा एकरूपता कायम गर्नु पर्ने हुन्छ । यस्ता समस्याहरूलाई समय मै संबोधन गर्नका लागि कुनै पनि निकायले तालिम/प्रशिक्षण संचालन गर्नु अघि तालिम दिने संस्था, तालिम अवधि, प्रति ब्यक्ति तालिम खर्च, तालिम पाठ्यक्रम तथा स्रोत ब्यक्तिहरूको समेत विवरण यस कार्यालयलाई पुर्व जानकारी गराई संचालन गर्ने/गराउने ब्यवस्थाका लागि यस कार्यालयको मिति २०७४/०७/१६ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

(डिल्लीराज श्रेष्ठ )

निर्देशक